## बैठक संख्या - ५

आज मिति २०८१ साल कार्तिक महिनाको २५ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय वमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

सहयोगी कर्मचारी :
कृष्ण प्रसाद पौडेल

CamScanner

## बैठक संख्या ५

**मिति २०८१/०७/२५ गतेको गाउँकार्यपालिका पाचौं बैठकका प्रस्तावहरू**

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. उच्च अदालत, तुलसीपुरबाट जारी भएको अन्तरिम आदेश निषेधाज्ञाको लिखित जवाफ पेश गर्ने सम्बन्धमा ।

३. सडक मर्मत संभार कार्यक्रम कार्यान्वयनको लागि समपूरक कोषको वजेट सुनिश्चितता सम्बन्धमा ।

४. गढवा स्वास्थ्य चौकीको फार्मेसी कक्षमा औषधी व्यवस्थापनको लागि Software संचालन सम्बन्धमा ।

५. इमरजेन्सी सेवा संचालनका लागि औषधी तथा प्रयोगशालाको दर रेट निधारण गर्ने सम्बन्धमा ।

६. स्रोतान्तर तथा संशोधन सम्बन्धमा ।

७. राजश्व सुधार योजना निर्माणको लागि कार्यदल गठन सम्बन्धमा ।

८. गढवा गाउँपालिकाको लोगो निर्माणका लागि समिति गठन सम्बन्धमा ।

९. तपशिलका योजनाहरूको सम्बन्धमा ।

क) १५ शैया अस्पताल

ख) लोखरपुर बाटो कालोपत्रे (निमादेवी निर्माण सेवा)

ग) कोठरी बघमरूवा बाटो कालोपत्रे ( रिखादेवी निर्माण सेवा)

१०. कानूनका मस्यौदाहरू सम्बन्धमा ।

क) कन्टेन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८१

ख) नागरिक बजेट निर्देशिका, २०८१

ग) गढवा गाउँपालिकाको स्थानीय सभाका लेखा समितिहरूको लागि कार्यसंचालन मानक

घ) गढवा गाउँपालिकाको आन्तरिक लेखापरिक्षकको आचारसंहिता, २०८१

ङ) गढवा गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१

११. शहिद पार्क निर्माणका लागि DPR गर्ने सम्बन्धमा ।

१२. स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण योजना कार्यान्वयनको लागि विद्यालय छनौट सम्बन्धमा ।

१३. लमहीमा स्थीत शेनालाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

१४. IEE तथा प्राविधिक प्रतिवेदनको भुक्तानी सम्बन्धमा । भ्रमण स्वीकृती सम्बन्धमा ।

१५. धान खरिद सम्बन्धमा ।

१६. बालमैत्री स्थानीय तह कार्यान्वयनको लागि स्थीतीपत्र प्रमाणीकरण सम्बन्धमा ।

१७. कानून मस्यौदा निर्माणका लागि कार्यदल गठन गर्ने सम्बन्धमा ।

१८. विविध विषय ।

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

**निर्णय नं. १**

मिति २०८१।०६।१८ गतेको अघिल्लो गाउँकार्यपालिकाको वैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वियनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

**निर्णय नं. २**

गढवा गाउँपालिकाको कार्यालय गढवा दाङ, गढवा गाउँकार्यपालिकाको कार्यालय, गढवा गाउँपालिकाको अध्यक्ष यमनारायण शर्मा पोखेल, गढवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतका नाममा सम्मानित श्री उच्च अदालत, तुलसीपुर दाङबाट मिति २०८१ साल कार्तिक १३ गतेको म्याद जारी भई ऐ. १४ गते तामेल भएको आदेश निषेधाज्ञा मुद्दा : मु.नं. ०८१-WO-००२९ मा लिखित जवाफ पेश गर्न तथा अदालत सम्बन्धी अन्य आवश्यक कार्य गर्नका लागि यस कार्यालयका उजुरी प्रशासन शाखामा कार्यरत सहायक चौथो श्री सुरेश पौडेललाई प्रतिनिधि तोक्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. ३**

सडक वोर्ड नेपालको च.नं. ४३९, मिति २०८१।०६।१३ गतेको प्राप्त पत्र अनुसार आ.व. २०८१।०८२ मा यस गढवा गाउँपालिकाको स्थानीय सडक मर्मत संभार कार्यको लागि रू. १६,००,०००।०० (अक्षरूपी सोह्र लाख मात्र) बजेट स्वीकृत भई आएको र उक्त विनियोजित रकम ८० प्रतिशत कायम हुने गरि योजनाको कुल लागतको बाँकी २० प्रतिशत हुन आउने रकम रू. ४,००,०००।०० (अक्षरूपी चार लाख मात्र) यस गढवा गाउँपालिकाको चालु आ.व. को समपुरक कोषबाट व्यहोर्ने गरि साझेदारीमा तपशिलका योजनाहरू कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

| क्र.सं. | योजनाको नाम | वडा नम्बर | अनुमानित कुल लागत | कै. |
|---|---|---|---|---|
| १ | मलमला रिङरोड मर्मत | १ | ४,००,०००।०० | |
| २ | महदेवा चोकदेखि राप्ती पुलसम्म सडक मर्मत | २ | २,००,०००।०० | |
| ३ | खैरेनी पश्चिम मगर टोलमा नालीसहित सडक मर्मत | ३ | २,००,०००।०० | |
| ४ | खडकपुर राधेश्याम चौधरीको घरदेखि उत्तरी दङ्गाली छाप कुलोको कल्भर्टसम्म सडक मर्मत | ४ | २,००,०००।०० | |
| ५ | कटियानगाउँको मन्दिरदेखि जीवन चौधरीको घरसम्म सडक मर्मत | ४ | २,००,०००।०० | |
| ६ | प्रनाह गाउँमा बाटो मर्मत संभार | ५ | २,००,०००।०० | |
| ७ | खबरी सडकखण्डमा पिपलडाँडामा सडक मर्मत | ६ | २,००,०००।०० | |
| ८ | घोराहा आवासीय टोलमा सडक मर्मत | ७ | २,००,०००।०० | |
| ९ | कोईलाबास सडकदेखि झोलुङ्गे पुलसम्म बाटो मर्मत | ८ | २,००,०००।०० | |
| | जम्मा | | २० लाख | |

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

**निर्णय नं. ४**

गढवा स्वास्थ्य चौकीमा आकस्मिक सेवा अन्तर्गत फार्मेसी कक्षमा औषधीहरू व्यवस्थापन गर्नको लागि Software खरिद गरी जडान गर्ने र सोही अनुसार कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. ५**

गढवा गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरू सहित गढवा स्वास्थ्य चौकीबाट संचालन हुने आकस्मिक सेवाको लागि देहायअनुसार दररेट तथा शुल्क स्वीकृत गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

| SN. | PARTICULAR | RATE | SN. | PARTICULAR | RATE |
|---|---|---|---|---|---|
| | HEMATOLGY | | | PARASITOLOGY | |
| 1 | CBC Full | 350 | 1 | Stool R/E M/E | 50 |
| 2 | CBC with Platelets | 200 | 2 | Urine R/E M/E | 50 |
| 3 | CBC ( TC ,DC ,HB ) | 150 | 3 | Stool occult blood test | 100 |
| 4 | TC | 50 | 4 | Stool Reducing Sugar | 100 |
| 5 | DC | 50 | 5 | Urine Sugar | 50 |
| 6 | HB | 50 | 6 | Urine Protine(Albumin) | 50 |
| 7 | ESR | 50 | 7 | Urine Ketone(Acelone) | 100 |
| 8 | PCV | 50 | 8 | Urine Bile Salt | 100 |
| 9 | BT | 50 | 9 | Urine Bile Pigment | 100 |
| 10 | CT | 50 | 10 | Urine Urobilinogen | 100 |
| 11 | PT INR | 250 | 11 | Urine Chyl Test | 100 |
| 12 | Blood Grouping | 50 | 12 | UPT Test (HCG) | 50 |
| 13 | MP Serology | 0 | 13 | 24 hours urine Protine | 300 |
| 14 | RBC | 100 | | OTHER | |
| 15 | Platelets | 100 | 1 | Semen Analysis | 150 |
| 16 | MCV | 50 | 2 | KOH | 200 |
| 17 | MCH | 50 | 3 | SPUTAM AFB | Free |
| 18 | MCHC | 50 | 4 | MP PARASITE | Free |
| 19 | Eosinophil Count | 100 | 5 | ADA Test | 500 |
| 20 | Hb A1C | 600 | 6 | H. pylori Antibody | 300 |
| 21 | PBS | 400 | 7 | Dangue kit Test | 650 |
| | BIOCHEMISTRY | | 8 | H Pylori Antigen Stool | 600 |
| 1 | Blood Sugar Per Test | 50 | 9 | Kalazar KIT Test | Free |
| 2 | Sugar FBS/ PPBS | 80 | 10 | Sickle cel! Test | 200 |
| 3 | GTT | 200 | 11 | Sample Collection | 50 |
| 4 | CPK MB | 300 | 12 | USG | 0 |
| 5 | Blood Urea | 150 | 13 | DIZITA X-RAY single | 300 |
| 6 | BloodCretinine | 150 | 14 | DIZITA X-RAY double | 500 |
| 7 | Uric Acid | 120 | 15 | DIZITA X-RAY triple | 600 |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, लुम्बिनी प्रदेश

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| 8 | Billirubin T and D | 100 | OTHER CHARGE | | |
| 9 | RFT | 500 | 1 | EMERGENCY TICKET | 50 |
| 10 | LFT | 500 | 2 | OPD TICKET | 0 |
| 11 | Lipid Profile | 500 | 3 | ADMISSON CHARGE | 0 |
| 12 | SGOT | 150 | 4 | GENERAL BED CHARGE | 0 |
| 13 | SGPT | 150 | 5 | ECG | 200 |
| 14 | ALP | 150 | 6 | RABIES VACCINATION per vial | 0 |
| 15 | Total Protin | 200 | 7 | MEDICAL REPORT | 300 |
| 16 | Albumin | 200 | 8 | USG GUIDE FNAC | 0 |
| 17 | Amylase | 250 | 9 | DUPLAR USG | 0 |
| 18 | K+(Potasium) | 150 | 10 | GRBS | 50 |
| 19 | Na+(Sodium) | 150 | 11 | ALCOHOL CHECK | 200 |
| 20 | Globuline | 200 | 12 | NEBULIZER PER TIME | 0 |
| 21 | Calcium | 200 | 13 | OXYGEN CHARGE PER HOUR | 0 |
| 22 | Cholestrol | 150 | 14 | NORMAL DRESSING ER | 50 |
| 23 | TG | 200 | 15 | COMPLECATED DRESSING ER | 100 |
| IMMUNOLOGY | | | 16 | NORMAL STICH Below 3 ER | 50 |
| 1 | ASO Titre | 200 | 17 | COPLECATED STICH Above 3 ER | 150 |
| 2 | RA Factor | 150 | 18 | Stich out ER | 50 |
| 3 | CRP | 200 | 19 | plaster ER | 300 |
| 4 | RA Factor Quantitative | 400 | 20 | Remove Plaster | 100 |
| 5 | CRP Quantitative | 400 | 21 | slap | 150 |
| 6 | Widal | 100 | 22 | Remove Slap | 100 |
| 7 | HCV | 150 | 23 | Remove Nail | 0 |
| 8 | HIV | Free | 24 | Remove Corn | 50 |
| 9 | HBsAg | 150 | 25 | Wound Check up Report | 200 |
| 10 | ANC PACK-1 | 500 | 26 | Catheterization | 0 |
| 11 | ANC PACK-2 | 350 | 27 | NG Tube | 0 |
| 12 | VDRL | 100 | 28 | OJT 5th level per month | 2000 |
| 13 | TPHA | 150 | 29 | OJT 7 th level per month | 2500 |
| 14 | Hepatitis A | 600 | 30 | Revisit pt.OPDafter 7 days | 10 |
| 15 | Hepatitis E | 600 | 31 | Revisit aftter 15 days | Full Charge |
| 16 | Typhoid IGM IGG | 300 | 32 | ALL Drugs and instrument without Free distribution | Full Charge |
| 17 | Scrup Typhus | 650 | | | |
| 18 | TROPONIN -I | 500 | | | |
| 19 | Montoux test | 100 | | | |

नोट : एम्बुलेन्स सेवा प्रसुतिका लागि र USG सेवा गर्भवतिका लागि निशुल्क गरिनेछ ।
कार्यालय समयमा दिइने स्वास्थ्य सेवा बाफतको शुल्क लाग्ने छैन तर प्रयोगशाला सेवा, एम्बुलेन्स सेवा, ECG, मादक पदार्थ सेवन र घाउ चेकजाँचको कार्यालय समयमा समेत तोकिएको शुल्क लाग्नेछ ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

## निर्णय नं. ६

यस गढवा गाउँपालिकाको चालु आ.व.मा स्वीकृत भएका तपशिलका योजना तथा कार्यक्रमहरू आगामी गाउँसभामा समर्थन गराउने गरी तपशिल अनुसार हुनेगरि स्रोतान्तर तथा संशोधन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**(क) स्रोत परिवर्तन :**

| क्र.सं. | कार्यक्रम तथा आयोजनाको नाम | साविक स्रोत | हाल कायम भएको स्रोत | बिनियोजन |
|---|---|---|---|---|
| 1 | खड्गपुर चर्चमा कार्पेट तथा फर्निचर खरिद | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | १००,०००।०० |
| 2 | कपडा बैंक निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | २५०,०००।०० |
| 3 | वडा भरि बाटो ग्राभेल वडा नं. ७ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | २५०,०००।०० |
| 4 | समपुरक प्रदेश - वडा न ४ को भालुदोन्द्रे खोलादेखि कटियानगाउँ मन्दिरसम्म कालोपत्रे | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | २,०००,०००।०० |
| 5 | खैरेनी पश्चिम टोल बाटो स्तरउन्नती वडा नं. ३ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ३००,०००।०० |
| 6 | साइमन्दिर पर्खाल निर्माण बाँकी वडा नं. ५ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ३००,०००।०० |
| 7 | महदेवा घुस्रा बाटो कालोपत्रे वडा न २ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | २,५००,०००।०० |
| 8 | बाँकी चोकदेखि लालपुरहुँदै लोखरपुर जाने बाटो कालोपत्रे वडा न ५ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | १,५००,०००।०० |
| 9 | महावीर थारुकुमालको घर देखि डाँडाटोलसम्म बाटो कालोपत्रे वडा न १ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | १,५००,०००।०० |
| 10 | चन्दनपुर भोजपुर लक्षिणपुर बाटो कालोपत्रे वडा न ७ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | १,५००,०००।०० |
| 11 | सुपैला बाटो स्तरउन्नती वडा नं. ३ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ७००,०००।०० |
| 12 | बुटेनी पक्की नाली निर्माण वडा नं. ४ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ८००,०००।०० |
| 13 | खैरेनी बाटो ग्राभेल वडा नं. ३ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | २००,०००।०० |
| 14 | मगहर पनफेकुवा निर्माण वडा नं. ५ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | २००,०००।०० |
| 15 | पर्नाह मरुवाथान निर्माण वडा नं. ५ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | २००,०००।०० |
| 16 | छुट्कि पर्सेनी मस्जितमा शौचालय निर्माण वडा नं.४ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ४००,०००।०० |

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल
सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| 17 | खबरी सिचाई निर्माण वडा नं. ६ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ५००,०००।०० |
| 18 | पर्यटन प्रवर्धन सम्वन्धी कार्यक्रम वडा नं.८ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ५००,०००।०० |
| 19 | राप्ती नदिमा सवदाह स्थल निर्माण | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ५००,०००।०० |
| 20 | अधुरो सामुदायिक महिला भवन पत्रिङ्ग वडा नं. १ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ५००,०००।०० |
| 21 | सिमलतारा चर्च निर्माण वडा नं. ५ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ४००,०००।०० |
| 22 | जय गुरुदेव मन्दिर निर्माण खैरा वडा नं. ३ | नेपाल सरकार - समानिकरण अनुदान | राजस्व बाँडफाँड – स्थानीय | ६००,०००।०० |
| 23 | स्वीकृत ठेक्का नं. ECTD-RBM-NCB-01-080-081 को राप्ती नदिको माथिल्लो बडहरा देखि तल्लो बडहरासम्मको खण्डबाट नदिजन्य पदार्थ उत्खनन् संकलन घाटगद्धि स्थानसम्मको ढुवानी तथा घाटगद्धि कार्य | राजस्व बाँडफाँड – स्थानीय | नेपाल सरकार - समानिकरण अनुदान | ४०००००००।०० |
| 24 | स्वीकृत ठेक्का नं. ECTD-RBM-NCB-01-080-081 को राप्ती नदिको माथिल्लो बडहरा देखि तल्लो बडहरासम्मको खण्डबाट नदिजन्य पदार्थ उत्खनन् संकलन घाटगद्धि स्थानसम्मको ढुवानी तथा घाटगद्धि कार्य | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड – स्थानीय | ६१६,०००।०० |
| 25 | स्वीकृत ठेक्का नं. ECTD-RBM-NCB-05-080-081 को राप्ती नदिको खैरा घाट खण्डबाट नदिजन्य पदार्थको उत्खनन संकलन तथा घाटगद्धि कार्य | राजस्व बाँडफाँड – स्थानीय | नेपाल सरकार - समानिकरण अनुदान | ६,०००,०००।०० |
| 26 | स्वीकृत ठेक्का नं. ECTD-RBM-NCB-05-080-081 को राप्ती नदिको खैरा घाट खण्डबाट नदिजन्य पदार्थको उत्खनन संकलन तथा घाटगद्धि कार्य | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड – स्थानीय | ८३४,२४०।०० |
| 27 | स्वीकृत ठेक्का नं. ECTD-RBM-NCB-06-080-081 को कक्रहवा खोला मानपुर घाट खण्डबाट नदिजन्य पदार्थ उत्खनन संकलन घाटगद्धि स्थानसम्मको ढुवानी तथा घाटगद्धि | राजस्व बाँडफाँड – स्थानीय | नेपाल सरकार - समानिकरण अनुदान | ५,७००,०००।०० |
| 28 | स्वीकृत ठेक्का नं. ECTD-RBM-NCB-06-080-081 को कक्रहवा खोला मानपुर घाट खण्डबाट नदिजन्य पदार्थ उत्खनन संकलन घाटगद्धि स्थानसम्मको ढुवानी तथा घाटगद्धि | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड – स्थानीय | ८१९,०००।०० |

## (ख) योजनाको नाम परिवर्तन :

| | साविक | | कायम हुने | |
|---|---|---|---|---|
| क्र.सं | शिर्षक | रकम | शिर्षक | रकम |
| १ | विद्युतीय बोलपत्रमार्फत सेवा र परामर्श खरिद | २०००००० | सेवा र परामर्श खरिद | २०००००० |
| २ | मोतिपुर भाली सडक स्तरउन्नती वडा नं. ५ | ३००००० | बोधिपुर भाली सडक स्तरउन्नती वडा नं. ५ | ३००००० |

सचिव

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

**निर्णय नं. ७**

गढवा गाउँपालिकाको राजश्व सुधार योजना निर्माणको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिमको सदस्य रहने एक राजश्व सुधार योजना निर्माण कार्यदल गठन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

| | | |
|---|---|---|
| क) कृष्ण प्रसाद पौड्याल | - प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| ख) पुनाराम शर्मा | - अधिकृत छैठौं | - सदस्य |
| ग) दानविर चौधरी | - लेखापाल | - सदस्य |
| घ) भरत के.सी. | - योजना शाखा प्रमुख | - सदस्य |
| ङ) शिवचरण चौधरी | - वडा सचिब | - सदस्य |
| च) कुलराज कुमाल | - राजश्व शाखा प्रमुख | - सदस्य सचिब |

**निर्णय नं. ८**

यस गढवा गाउँपालिकाको ऐतिहासिक, जनजीवन, भुगोल, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक पर्यटकीय लागायतका क्षेत्रलाई समेटेर आफ्नो पहिचान झल्किने गरि प्रतिक चिन्ह (लोगो) निर्माण गर्नको लागि तपशिल बमोजिम हुनेगरि ईच्छुक व्यक्ति वा संस्थाहरूलाई प्रतिस्पर्धा मार्फत प्रतिक चिन्ह बनाउनका लागि सूचना आह्वान गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

(क) पुरस्कार राशी : ५०,००० (भुक्तानी स्रोत : अन्य कर्मचारी प्रोत्साहन तथा पुरस्कार)

(ख) गढवा गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) मूल्याङकन, छनौट तथा सिफारिस समिति

| | |
|---|---|
| क) यम नारायण शर्मा पोखेल | - संयोजक |
| ख) शारदा कुमारी चौधरी | - सदस्य |
| ग) कृष्ण प्रसाद पौड्याल | - सदस्य |
| घ) बाबुराम अधिकारी | - सदस्य |
| ङ) पुनाराम शर्मा | - सदस्य सचिब |

(ग) छनौटका मापदण्डहरू

| | |
|---|---|
| क) गाउँपालिकाको भुगोल झल्कने | ७ अंक |
| ख) गाउँपालिकाको ऐतिहासिकता तथा पहिचान झल्कने | ७ अंक |
| ग) आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था | ७ अंक |
| घ) जनजीवन चाडपर्व रितिरिवाज झल्कने | ८ अंक |
| ङ) धार्मिक तथा पर्यटकीय क्षेत्र | ८ अंक |
| च) छरितो तथा आकर्षक लोगो | ८ अंक |
| छ) अन्य थप मौलिकता र रचनात्मक | ५ अंक |

सचिव

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

**निर्णय नं. ९**

(क) प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदन अनुसार गढवा गाउँपालिा वडा ६ मा निर्माणाधिन १५ शैया आधारभूत अस्पताल आयोजनाको संघीय सशर्त अनुदान मार्फत कार्यान्वयन हुने गरि आ.व. २०७८।०७९ मा निर्माण व्यावसायी श्री Shyam Sundar/NB JV सँग सम्भौता भई एक पटक ६ महिनाको लागि मिति २०८१।०६।१७ गतेसम्म म्याद थप भएकोमा गत आ.व.मा संघीय सरकारबाट प्रयाप्त बजेट प्राप्त नभएकोले अन्तिम कार्यसम्पन्न भई नसकेको र चालु आ.व.मा उक्त याजनाको लागि बजेट रू.५,६४,००,०००।०० बिनियोजन भएको हुदाँ मिति २०८२ साल बैशाख मसान्तसम्म पूर्वनिर्धारित क्षतिपूर्ति नलिनेगरि म्याद थप गरि आयोजना कार्यानवयन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

(ख) प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदन अनुसार लुम्बिनी प्रदेश सरकार समपुरक अनुदान स्रोतबाट विनियोजित लालपुरको पुलदेखि उत्तरतर्फ लोखरपुर जाने बाटो कालोपत्रे निर्माण कार्यका लागि यस गाउँपालिका र निर्माण व्यवसायी श्री निमादेवी निर्माण सेवा गढवा ३ बिच मिति २०७९।०८।०२ गतेदेखि म्यादथप सहित २०८०।०३।२० गतेसम्म कार्यसम्पन्न गर्ने गरी सम्भौता भएकोमा सम्भौता अवधिभर निर्माण व्यवसायीले उक्त योजनाको ६० प्रतिशत मात्र (भौतिक प्रगति) कार्यसम्पन्न गरेको छ । सामाग्रीको अभाव र साईटमा विद्युत पोल स्थानान्तरण हुन नसकेकोले सोही आर्थिक वर्षमा कार्यसम्पन्न नभएको तथा आगामी आर्थिक वर्षमा सो योजनाको लागि आवश्यक पर्ने बजेट संघीय सरकारबाट प्राप्त नभएको र पालिकाले समेत सो योजनाको लागि बजेट व्यवस्था नगरेको हुदाँ हालको लागि आयोजनाको ठेक्का प्रक्रिया स्थगित गरि रद्द गर्ने निर्णय गरियो ।

(ग) प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदन अनुसार लुम्बिनी प्रदेश सरकार समपुरक अनुदान स्रोतबाट विनियोजित गढवा २ बड्कागल्ली बाटोदेखि पचहिया तीनघरूवा टोलको प्रतिक्षालयदेखि बघमरूवा कोठरीगाउँ हुँदै दामोदर सड्क जोड्ने मोटरबाटो कालोपत्रे निर्माण कार्यका लागि यस गाउँपालिका र निर्माण व्यवसायी श्री रिखादेवी निर्माण सेवा लमही बिच मिति २०७९।०२।१० गते देखि म्याद थप सहित २०७९।११।३० गते सम्म कार्य सम्पन्न गर्ने गरी सम्भौता भएकोमा सम्भौता अवधिभर निर्माण व्यवसायीले उक्त योजनाको ६५ प्रतिशत मात्र (भौतिक प्रगति) कार्यसम्पन्न गरेको छ । विनियोजित बजेटको कार्यसम्पन्न भएको तर आगामी आर्थिक वर्षमा सो योजनाको लागि आवश्यक पर्ने बजेट संघीय सरकारबाट प्राप्त नभएको र पालिकाले समेत सो योजनाको लागि बजेट व्यवस्था नगरेको हुदाँ हालको लागि आयोजनाको ठेक्का प्रक्रिया स्थगित गरि रद्द गर्ने निर्णय गरियो ।

सचिव

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

**निर्णय नं.१०**

१०.१ विद्यायन समितिबाट स्वीकृतका लागि पेश भएको निम्न कार्यविधिलाई स्वीकृत गर्ने निर्णय गरियो ।

- नागरिक बजेट निर्देशिका, २०८१
- गढवा गाउँपालिकाको स्थानीय सभाका लेखा समितिहरूको लागि कार्यसंचालन मानक, २०८१
- गढवा गाउँपालिकाको आन्तरिक लेखापरिक्षकको आचारसंहिता, २०८१

१०.२ विषयगत शाखाहरूबाट तयार भएका निम्न कानुनका मस्यौदाहरू दफावर छलफलको लागि विद्यायन समितिमा पठाउने निर्णय गरियो ।

- गढवा गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१
- गढवा गाउँपालिकाको कन्टिजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८१

१०.३ निम्न कानूनहरूका मस्यौदा तयार गर्ने निर्णय गरियो ।

- गढवा गाउँपालिकाको लैगिकता लैगिक संवेदनशिलता सम्बन्धी कार्यविधि, २०८१
- गढवा गाउँपालिकाको पर्यापर्यटन संचालन सम्बन्धी कार्यविधि, २०८१

**निर्णय नं. ११**

गढवा गाउँपालिका वडा नं. ३ मा स्थित शहिद पार्क निर्माण आयोजना कार्यान्वियन गर्ने प्रयोजनको लागि सोही शिर्षकबाट रकम खर्च गर्ने गरी DPR गर्ने निर्णय सर्वसम्त रूपमा गरियो ।

**निर्णय नं. १२**

गढवा गाउँपालिकाको यस आ.व. २०८१/०८२ मा संघीय सशर्त कार्यक्रमबाट स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण कार्यको लागि रू. ५५,००,०००।०० (अक्षरूपी पचपन्न लाख मात्र) बजेट विनियोजन भएको र उक्त विनियोजित रकम ८० प्रतिशत कायम हुने गरि योजनाको कुल लागतको बाँकी २० प्रतिशत हुन आउने रकम रू. १३,७५,०००।०० (अक्षरूपी तेह्र लाख पचहत्तर हजार मात्र) यस गढवा गाउँपालिकाको चालु आ.व. को समपुरक कोषबाट व्यहोर्ने गरि साझेदारीमा सर्बोदय प्राथमिक विद्यालय गढवा ६ दाङको भवन निर्माण गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १३**

नेपाली सेना लमही व्यारेक भवनको मर्मत कार्यको लागि आर्थिक सहायता माग भई आएकोमा आगामी गाउँसभामा समर्थन गर्ने गरी लागत अनुमान तयार गरी अधिकतम रकम रू. ४,००,०००।०० (अक्षेरूपी चार लाख रूपैयाँ) सम्म सामाग्रीहरू सहायता गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

सचिव

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी

यम नारायण शर्मा पोखेल
अध्यक्ष

**निर्णय नं. १४**

Korea Academic Society of Digital Convergence (KASDC) संस्थाको आयोजनामा मिति December 27, 2024 देखि December 31, 2024 सम्म संचालन हुने **Empowering Future Cities: Smart Solutions for Sustainable Development** कार्यक्रमको लागि गाउँपालिका अध्यक्ष श्री यमनारायण शर्मा पोखेलको बैदेशिक भ्रमण गर्न स्वीकृत प्रदान गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १५**

गढवा गाउँपालिकामा उत्पादन भएका कृषि उपजहरू भण्डारण गर्न आवश्यक भवन अभाव भएको हुँदा भण्डारण गृह निर्माणका लागि प्रदेश सरकारसँग अनुरोध गर्ने निर्णय सर्वसम्मत रूपमा गरिंयो ।

**निर्णय नं. १६**

गढवा गाउँपालिकालाई बालमैत्री स्थानीय तह घोषणा गर्ने उदेश्यले तयार भएको गढवा गाउँपालिकाको स्थिती पत्र, २०८१ स्वीकृत गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १७**

गढवा गाउँपालिकामा आवश्यक पर्ने कानूनहरूका प्रारम्भिक मस्यौदा तयार गर्न देहायबमोजिमको कार्यदल गठन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक
ख) प्रशासन शाखा प्रमुख - सदस्य
ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
घ) सम्बन्धित शाखाको प्रमुख वा प्रतिनिधि - सदस्य
ङ) प्रशासन शाखामा कार्यरत सहायक कर्मचारी - सदस्य सचिब

**निर्णय नं. १८**

यस गढवा गाउँपालिका अन्तर्गत पर्ने लमही-कोईलाबास सडक खण्डको किनारमा रहेका ढुङ्गाहरूबाट सडक दुर्घटना हुन सक्ने जोखिम रहेको तथा सडक पूर्वाधारमा समेत क्षति पुगेको हुदाँ सो सडकको किनारामा रहेका ढुङ्गाहरू हटाउनको लागि जिल्ला बिपद व्यवस्थापन समिति समक्ष अनुरोध गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

सचिव

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CS CamScanner

## निर्णय नं. १९

आ.व. २०८०।०८१ मा भुक्तानी दिन बाँकी भएका तथा विभिन्न संस्थाहरूले आर्थिक सहयताका लागि निवेदन पेश गरेका तपशिल बमोजिमका निवेदक तथा संस्थहरूलाई तपशिल अनुसार भुक्तानी दिने सर्वसम्मत रूपमा निर्णय गरियो ।

| क्र.सं. | भुक्तानी पाउनेको नाम | कामको विवरण | भुक्तानी रकम | स्रोत |
|---|---|---|---|---|
| १. | रमेश कुमार चौधरी | गढवा गा.पा. २ नं. वडा अन्तर्गत थारूकुमाल टोलमा डयाम् निर्माण कार्य | २०,०००।०० | वातावरण तथा विपद् व्यवस्थापन कोष |
| २. | कृष्ण औतार चौधरी | गढवा ७ अन्तर्गत कृषि बन हेरालुको पारिश्रमिक | ५०,०००।०० | ७ नं. वडाको कृषि बन हेरालु पारिश्रमिक दायित्व तर्फ |
| ३ | राष्ट्रिय थारू कलाकार मञ्च | दियादेवारी सांस्कृकि कार्यक्रम, २०८१ संचालानार्थ | १५,०००।०० | कार्यक्रम खर्च (झाँकी, र्‍याली, दिवस तथा अन्य यैपरी कार्यक्रम खर्च) |

## निर्णय नं. २०

गढवा गाउँपालिकाले आ.व. २०८०।०८१ मा नदी तथा खहरे खोलाहरूबाट उत्खनन गरि घाटगद्धि गरि राखेका नदीजन्य पदार्थ विक्रीका लागि तेस्रो पटकसम्म पनि सूचना प्रकाशन गर्दा समेत विक्री नभएकाको हकमा मागको आधारमा राजश्व शुल्क लिई विक्रि गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

## निर्णय नं. २१

गढवा गाउँपालिकामा दुग्ध उत्पादक कृषकहरूबाट उत्पादन गरिएको दुधको समुचित बजार व्यवस्थापन गर्न नेपाल दुग्ध व्यवस्थापन सस्थान नेपालगञ्जसँग सहकार्य गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

## निर्णय नं. २२

गढवा गाउँपालिका र दिगो विकासका लागि सहकार्य नेपाल, तिलोत्तमा २ रूपन्देहीसँगको साझेदारीमा गढवा स्वास्थ्य चौकीबाट प्रदान गरिने स्वास्थ्य सेवाको लागि आवश्यक स्वाथ्यसँग सम्बन्धित औजार तथा उपकरण उपलब्ध गराउनको लागि निरीक्षण तथा सहजिकरण बापतको खर्च गढवा गाउँपालिकाको तर्फबाट रू दुई लाख पचास हजार रूपैया साझेदारी बापत दिगो विकासका लागि सहकार्य नेपाल, तिलोत्तमा २ रूपन्देहीलाई चालु आ.व. को स्वास्थ्य साझेदारी कार्यक्रम संचालन शीर्षकबाट भुक्तानी दिने निर्णय सर्वसम्मत रूपमा गरियो ।

निर्णय प्रमाणित गर्दछु ।

सचिव

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय गढवा, दाङ लुम्बिनी प्रदेश नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

## बैठक संख्या - ६

आज मिति २०८१ साल मसिंर महिनाको २८ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाँउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | (उपाध्यक्ष) सदस्य | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष | श्री हरिभगत चौधरी | |
| ९ | वडाध्यक्ष | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मानबहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

श्री रोधपति पौडेल - इन्जिनियर

सहयोगी

श्री कृष्ण प्रसाद पौडेल

बैठक संख्या ६

## मिति २०८१/०८/२८ गतेको गाउँकार्यपालिका छैठौं बैठकका प्रस्तावहरू

१. गाउँकार्यपालिकाको अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. गढवा गाउँपालिकाको १६ अधिवेशनको मिति तय गर्ने सम्बन्धमा ।

३. जनताको तटबन्ध कार्यक्रम सम्बन्धमा ।

४. योजना संशोधन सम्बन्धमा ।

५. कानूनका मस्यौदाहरू सम्बन्धमा ।

क) कन्टेन्जेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८१

ख) योजना अनुगमन तथा फरफारक सम्बन्धी कार्यविधि, २०८१

ग) खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

६. सार्वजनिक सुनुवाईको मिति तय गर्ने सम्बन्धमा ।

७. नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा । (जफत गरेको ढुङ्गा विक्रि सम्बन्धमा ।)

८. नेपाल बैंक लिमिटेडको शाखा कार्यालयको लागि माग गर्ने सम्बन्धमा ।

९. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१०. विद्यालय एकीकरण सम्बन्धमा ।

११. बेरूजु फछ्र्यौट सम्बन्धमा ।

१२. आर्थिक सहयोग सम्बन्धमा ।

क) नेपाल पेनकेक सिलात मार्शल आर्ट संघ, काठमाडौं ।

१३. विविध विषय सम्बन्धमा ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

**निर्णय नं. १**

मिति २०८१।०७।२५ गतेको अघिल्लो गाउंकार्यपालिकाको वैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्वन्धमा छलफल सहित समिक्षा गरियो ।

**निर्णय नं. २**

यस गढवा गाउँपालिका गाउँसभाको १६ औं अधिवेशनको बैठक यही मिति २०८१ साल पौष महिनाको २३ गते देखि बस्ने र सोही अनुसार सम्पूर्ण सभा सदस्यहरूलाई पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपाल सरकार, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, जलस्रोत तथा सिचाई विभाग, **जनताको तटबन्धन कार्यक्रम**, लमही, दाङको कार्यालयबाट एशियाली विकास वैंकको सहयोगमा संचालित प्राथमिकता प्राप्त नदी बेसिन बाढी जोखिम व्यवस्थापन आयोजना अन्तर्गत पशिचम राप्ती नदी नियन्त्रण कार्यका लागि गढवा गाउँपालिका अन्तर्गतका विभिन्न स्थानमा तटबन्ध निर्माण कार्य भईरहेकोमा सो निर्माण कार्य निरन्तरता नै दिई बाढीको उच्च जोखिममा रहेको तपशिलका स्थानहरूमा समेत तटबन्ध निर्माण कार्य अघि बढाउन अनुरोध गर्ने निर्णय गरियो । साथै सोही कार्यक्रममार्फत गढवा गाउँपालिकाका बाढी तथा डुबान लगाएत विपदबाट प्रभावित परिवारका लागि तत्काल सुरक्षित स्थानमा स्थानान्तरणका लागि तपशिलका स्थानमा आश्रयस्थल निर्माण गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

तपशिल :

**१) तटबन्ध निर्माण कार्य**

क) पर्सा घाटदेखि धरमपुर घाटसम्मको खण्ड
ख) जेठानगाउँ पत्रिङ्गा घाट खण्ड
ग) झारबैरा कान्छीगाउँ घाट खण्ड
घ) बडहरा घाट मर्मत

**२) आश्रयस्थल निर्माण कार्य**

क) गढवा - ५, मगहरी
ख) गढवा - ६, प्रगतीनगर (सामुदायिक पुस्तकालय नजिक)
ग) गढवा - ३, धैरेनी, खानेपानी आयोजना नजिक

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

## निर्णय नं. ४

यस गढवा गाउँपालिकाको चालु आ.व.मा स्वीकृत भएका तपशिलका योजना तथा कार्यक्रमहरू आगामी गाउँसभामा समर्थन गराउने गरी तपशिल अनुसार हुनेगरि संशोधन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

| | साविक | | कायम हुने | |
|---|---|---|---|---|
| क्र.सं | शिर्षक | रकम | शिर्षक | रकम |
| १ | जमुनिवास प्रहरी विट निर्माण वडा नं. ५ | ३००००० | जमुनिवासमा पक्कि सेयरवाल निर्माण वडा नं. ५ | ३००००० |
| २ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी कार्यक्रम वडा नं. ३, ६ र ७ | ९००००० | बालमैत्री स्थानीय शासन प्रवर्द्धन सम्बन्धी कार्यक्रम वडा नं. १, २ र ३ | ९००००० |

## निर्णय नं.५

५.१ विद्यायन समितिबाट स्वीकृतका लागि पेश भएको निम्न कार्यविधिलाई स्वीकृत गर्ने निर्णय गरियो ।

- गढवा गाउँपालिकाको कन्टिजेन्सी रकम खर्च गर्ने सम्बन्धी कार्यविधि, २०८१

५.२ निम्न कानूनहरूका मस्यौदा तयार गर्ने निर्णय गरियो ।

- गढवा गाउँपालिकाको योजना अनुगमन तथा फरफारक सम्बन्धी कार्यविधि, २०८१
- खेलकुद संचलन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१.

## निर्णय नं.६

यस गढवा गाउँपालिकाको चालु आ.व. २०८१/०८२ को प्रथम सार्वजनिक सुनुवाई कार्यक्रम गढवा गाउँपालिका वडा नं. ८ कोईलाबासमा यही पौष महिनाको ११ गतेका दिन दिउसो १२:०० बजेदेखि संचालन गर्ने साथै प्रचारप्रसारको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने, सामाजिक सञ्जाल, वडा कार्यालय तथा जनसम्पर्क धेरै हुने स्थानमा सार्वजनिक सूचना टाँस गर्ने निर्णय गरियो । साथै सार्वजनिक सुनुवाईको बजेटमा छुट्टै कार्यक्रम नभएकोले उक्त कार्यको लागि विविध शिर्षकबाट रू. ५०,०००।०० (अक्षरूपी पचास हजार रूपैयाँ मात्र) को सिमाभित्र रहि खर्च गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७

यस गढवा गाउँपालिका अर्न्तगत राप्ती नदि तथा अन्य खहरे खोलाको किनार क्षेत्रमा अबैध रूपमा उत्खनन् गरि नदिमै थुप्रो पारी राखेका ढुङ्गाहरू नगरप्रहरीको सक्रियतामा नदि क्षेत्रकै बगरको सुरक्षित स्थानमा डम्पिङ्ग गरिएकोमा प्राविधिक नापँजाचबाट प्राप्त परिमाण अनुसारको रोयल्टी साथै गढवा गाउँपालिकाबाट जफत कार्यमा प्रयोग गरिएका साधनहरूको भाडा, श्रमिकहरूको ज्याला तथा उत्खनन कार्यक्रमको विविध खर्च समेटेर तयार गरिएको लागत अनुमान प्रति घनफुट कर सहित रू. २७।५ को दरलाई न्यूनतम आधार मानी प्रतिस्पर्धाबाट विक्री गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

सचिव

यम नारायण शर्मा पोखेल
अध्यक्ष

**निर्णय नं. ८**

यस गढवा गाउँपालिकाका नागरिक, सरकारी तथा गैरसरकारी सघसंस्थाहरूको आवश्यकता र मागलाई सम्बोधन गरी बैंकिङ सेवामा सहज पहुँच अभिवृद्धिका लागि गढवा गाउँपालिकामा नेपाल बैंक लिमिटेडको शाखा कार्यालय स्थापना गर्न सम्बन्धित निकाय तथा नेपाल राष्ट्र बैंक र नेपाल बैंक लिमिटेडको केन्द्रिय कार्यालयलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. ९**

यस गढवा गाउँपालिका अर्न्तगत गाउँ शिक्षा समितिको मिति २०८१/०६/२९ गतेको बैठकले गरेका निर्णयहरूको समर्थनका लागि यस गाउँकार्यपालिकाको बैठकमा पेश भएकोमा शिक्षा समितिको सम्पूर्ण निर्णयहरू सर्वसम्मत्तिले अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

न्यून विद्यार्थी भएका विद्यालयहरूको कक्षा स्थगन गरी नजिकैको विद्यालयमा समायोजन गर्ने मिति २०८१।०४।३१ गतेको गाउँकार्यपालिकाको निर्णय भएकोमा सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ बमोजिम अभिभावक, विद्यालय व्यवस्थापन समितिसँग छलफल गरी तपशिलका विद्यालयहरूलाई मात्र तपशिलको विद्यालयहरूमा समायोजन एवम् एकीकरण गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

तपशिल :

| क्र.सं. | समायोजन हुने विद्यालय | क्र.सं. | समायोजन एवम् एकीकरण भई कायम हुने विद्यालय | कै. |
|---|---|---|---|---|
| १ | रत्न प्रा.वि. गढवा ३ | १ | सरस्वती उच्च मा.वि. विद्यानगर, गढवा ३ | |
| २ | सरस्वती उच्च मा.वि. विद्यानगर, गढवा ३ | | | |
| ३ | कालिका प्रा.वि. गढवा ४ | २ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी, गढवा ४ | |
| ४ | दिपेन्द्र होमजुन मा.वि.पर्सेनी, गढवा ४ | | | |

**निर्णय नं. ११**

गढवा गाउँपालिका अन्तर्गत विगतका आ.व.हरूमा गाउँपालिकासँग सम्झौता भई सम्झौता बमोजिम तोकिएको परिमाण भन्दा बढी परिमाणको नदिजन्य पदार्थ उत्खनन, संकलन तथा विक्रि वितरण गरि बढी परिमाणको बक्यौता रकम असुलउपर गर्नुपर्ने सम्बन्धमा निर्माण व्यवसायीहरूलाई असुलउपरको लागि जिल्ला अदालत, दाङमा मुद्दा दायर गर्ने निर्णय यस अघिको गाउँकार्यपालिकाको बैठकमा भएकोमा महालेखापरिक्षकको कार्यालयबाट असुलउपर गर्नुपर्ने भनि बेरूजु औल्याईएको हुदाँ मुद्दा दायर गर्नुपर्ने अवस्था नदेखिएकोले असुलउपरको लागि सम्बन्धीत व्यवसायीलाई ताकेता गर्ने र त्यसरी असुलउपर हुन नसकेमा केन्द्रिय तहशिल कार्यालय काठमाडौँलाई बक्यौता रकम असुलउपरको लागि पठाउने निर्णय सर्वसम्मत रूपमा गरियो ।

सचिव

गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

यम नारायण शर्मा पोखेल
अध्यक्ष

**निर्णय नं. १२**

विभिन्न संस्थाहरूले आर्थिक सहयोगका लागि निवेदन पेश गरेका तपशिल बमोजिमका निवेदक तथा संस्थाहरूलाई तपशिल अनुसार भुक्तानी दिने सर्वसम्मत रूपमा निर्णय गरियो ।

| क.स. | भुक्तानी पाउनेको नाम | कार्यको विवरण | भुक्तानी रकम | स्रोत |
|---|---|---|---|---|
| १ | नेपाल पेनक्रेक सिलात मार्शल आर्ट संघ, काठमाडौं | २० औं विश्व पेनक्रेक सिलात च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गर्दै दुबई जाने खेलाडी, अफिसियल तथा प्रशिक्षक सहयोगार्थ | १,००,०००।०० | युवा तथा खेलकुद कार्यक्रम |

**निर्णय नं. १३**

यस गढवा गाउँपालिकालाई बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्न आ.व. २०८१।०८२ मा वडा नं. १, वडा नं. २ र वडा नं. ३ छनौट गरी कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १४**

गढवा गाउँपालिका अन्तर्गत सार्वजनिक, ऐलानी तथा पर्ति जग्गाहरूको संरक्षण तथा व्यवस्थापन गर्ने जिम्मेवारी गढवा गाउँपालिकाका सम्बन्धीत वडा कार्यालयलाई दिने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १५**

स्थनीय भू - उपयोग परिषदको मिति २०८१।०८।२५ गतेको बैठकले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय सर्वसम्मत रूपमा गरियो ।

**निर्णय नं. १६**

गढवा गाउँपालिका अन्तर्गत आई.ई.ई भएका घाटहरू र विभिन्न स्थानमा अबैध तथा बेवारि अवस्थामा फेला परेका ढुंगाहरू गढवा गाउँपालिकाको हितका लागि नदि नियन्त्रण तथा विप जोखिम न्यूनीकरणमा राष्ट्रिय गौरबका आयोजनाहरूबाट माग भई आएमा प्राविधिक नापजा तथा स्टक प्रमाणित गरि कानून बमोजिम राजश्व रकम लिई उपलब्ध गराउने निर्णय सर्वसम रूपमा गरियो ।

सचिव

राम नारायण शर्मा पोखेल
अध्यक्ष

## बैठक संख्या - ७

आज मिति २०८१ साल पौष महिनाको २१ गतेका दिन यस गढवा गाँउपालिकाका अध्यक्ष श्री यम नारायण शर्मा पोखेल ज्यू को अध्यक्षतामा गढवा गाउँपालिका गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहाय बमोजिमको निर्णयहरू गरियो ।

उपस्थिती :-

| क्र.स. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री यम नारायण शर्मा पोखेल | |
| २ | उपाध्यक्ष, | श्री शारदा कुमारी चौधरी | |
| ३ | वडाध्यक्ष, सदस्य | श्री भक्तु चौधरी | |
| ४ | वडाध्यक्ष, सदस्य | श्री तुलसीराम अधिकारी | |
| ५ | वडाध्यक्ष, सदस्य | श्री बिर बहादुर आले मगर | |
| ६ | वडाध्यक्ष, सदस्य | श्री लेख बहादुर थापा | |
| ७ | वडाध्यक्ष, सदस्य | श्री राहुलदेव चौधरी | |
| ८ | वडाध्यक्ष, सदस्य | श्री हरि भगत चौधरी | |
| ९ | वडाध्यक्ष, सदस्य | श्री बाबुराम अधिकारी | |
| १० | वडाध्यक्ष, सदस्य | श्री अब्दुल खालिक सिद्दिकी | |
| ११ | सदस्य | श्री हेमन्ती कुमारी कुमाल | |
| १२ | सदस्य | श्री मिना पुन | |
| १३ | सदस्य | श्री मान बहादुर नेपाली | |
| १४ | सदस्य | श्री सूर्य बहादुर नेपाली | |
| १५ | सदस्य | श्री चन्द्रा के.सी. | |
| १६ | सदस्य | श्री रमा भण्डारी | |
| १७ | सचिब | श्री कृष्ण प्रसाद पौड्याल | |

आमन्त्रित :-

सहयोगी
श्री पुनाराम शर्मा

# मिति २०८१/०९/२१ गतेको गाउँकार्यपालिकाको सातौं बैठकका प्रस्तावहरु

**प्रस्तावहरु :**

१. अघिल्लो गाउँकार्यपालिकाको बैठकका निर्णयहरु र सो को कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. अनुगमन समितिको २०८१ पौष महिनाको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

३. गाउँसभाको १६ औ अधिवेशनमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा ।

   १. चालु आ.व. २०८१/०८२ को बजेट र नीति तथा कार्यक्रमको समिक्षा सम्बन्धमा ।

   २. गाउँपालिकाको आर्थिक ऐन २०८१ (पहिलो संशोधन) विधेयक, २०८१ सम्बन्धमा ।

   ३. गाउँपालिकाको "स्थानीय मदिरा (व्यवस्थापन एवं नियमन) विधेयक २०८१" सम्बन्धमा।

   ४. चालु आ.व. २०८१/०८२ को न्यायिक समितिको हालसम्मको प्रतिवेदन सम्बन्धमा ।

   ५. चालु आ.व. २०८१/०८२ को हालसम्मको आय र व्ययको प्रतिवेदन सम्बन्धमा ।

   ६. चालु आ.व. २०८१/०८२ को बजेटमा आवश्यक रकमान्तर र संशोधन सम्बन्धमा ।

   ७. कार्यपालिकाबाट हालसम्म भएका निर्णयहरूको समर्थन सम्बन्धमा ।

   ८. सेवा करारमा कार्यरत १०७ जना कर्मचारीहरूको म्याद थप गर्ने सम्बन्धमा ।

   ९. नदिजन्य पदार्थको उत्खनन् तथा डम्पिङको लागि ठेक्का व्यवस्थापन सम्बन्धमा ।

   १०. गत आ.व. २०८०/०८१ को मलेपको लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

   ११. हालसम्मको योजना तथा सुशासन समितिको प्रतिवेदन सम्बन्धमा

४. विकास निर्माणका योजना तथा उपभोक्ता समितिलाई नदिजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा ।

५. झोलुङ्गे पुलको योजना माग गर्ने सम्बन्धमा ।

६. घुम्ति स्वास्थ्य सेवा कार्यक्रम संचालन सम्बन्धमा ।

७. गाउँकार्यपालिकाका विषयगत समिति पुर्नगठन सम्बन्धमा ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पोड्याल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

८. स्थानीय वन अनुगमन समिति गठन सम्बन्धमा ।
९. विभिन्न विषयमा आर्थिक सहयोग सम्बन्धमा ।
१०. सौर्य उर्जा कार्यक्रमको लागि सिफारिस सम्बन्धमा ।
११. गाउँपालिकालाई आवश्यक कानूनको कार्यविधि निर्माण सम्बन्धमा ।
१२. गत आ.व.को संस्थागत क्षमता स्व-मूल्याङ्कनको प्राप्ताङ्कको समिक्षा, समर्थन र प्रकाशन सम्बन्धमा ।
१३. स्थानीय विदा सम्बन्धमा ।
१४. बाटो विस्तार गर्दा बाटोमा पर्ने सिमलको रुख कटान गर्ने सम्बन्धमा ।
१५. स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माणका लागि डिपिआरि गर्ने सम्बन्धमा ।
१६. विविध विषय सम्बन्धमा ।

## निर्यणहरु

१. यस गढवा गाउँपालिकाको मिति २०८१/०८/२८ गते बसेको गाउँ कार्यपालिकाको बैठकमा भएका सम्पूर्ण निर्णयहरू र ती निर्णयहरूको सफल कार्यान्वयनको क्रममा आएका समस्या, चुनौती तथा उपलब्धी सम्बन्धमा छलफल सहित समिक्षा गरियो ।

२. यस गढवा गाउँपालिकाको अनुगमन समिति संयोजक श्री शारदा कुमारी चौधरीले चालु आ.व. २०८१/०८२ मा विनियोजित योजना तथा कार्यक्रमको कार्यान्वयनको चरणमा तथा सम्पन्न भएपश्चात गरिएका सम्पूर्ण अनुगमनको पौष महिनाको मासिक प्रतिवेदन पेश गर्नुभएकोमा सो सम्बन्धमा प्रतिवेदनमा औल्याईएका विविध पक्षहरूको बारेमा बृहत छलफल तथा समिक्षा गरि उक्त पेश भएको मासिक अनुगमन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस गढवा गाउँकार्यपालिकाको अघिल्लो बैठकमा मिति तय गरे अनुरूप मिति २०८१ साल पौष महिनाको २३ गतेदेखि संचालन हुने गाउँसभाको १६ औ अधिबेशनमा तपसिल बमोजिमको प्रस्तावहरू तपसिल बमोजिम गर्नेगरि पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पोख्याल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१. चालु आ.व. २०८१/०८२ को बजेट र नीति तथा कार्यक्रमको समिक्षा र चालु आ.व. २०८१/०८२ को हालसम्मको आय र व्ययको प्रतिवेदन सम्बन्धी आवश्यक विवरण तथा प्रतिवेदन तयार गरि प्रमुख प्रशासकीय अधिकृतले पेश गर्ने ।

२. गढवा गाउँपालिकाको आर्थिक ऐन २०८१ (पहिलो संशोधन) विधेयक, २०८१ र "स्थानीय मदिरा (व्यवस्थापन एवं नियमन) विधेयक २०८१" यस गाउँकार्यपालिकाको विधायन समितिका संयोजक अब्दुल खालिक सिद्दीकीले पेश गर्ने ।

३. गढवा गाउँपालिकाको चालु आ.व. २०८१/०८२ मा न्यायिक समितिको हालसम्मको प्रतिवेदन तयार गरि न्यायिक समिति संयोजक श्री शारदा कुमारी चौधरीले पेश गर्ने ।

४. चालु आ.व. २०८१/०८२ को बजेटमा आवश्यक रकमान्तर तथा बजेट संशोधन सम्बन्धमा वडागत बजेट सम्बन्धीत वडा समितिको निर्णयानुसार र विषयगत शाखाको बजेट विषयगत समितिको सिफारिसमा पेश भई आएकोले सोही बमोजिम एकमुष्ट विवरण तयार गरि गाउँपालिका उपाध्यक्ष श्री शारदा कुमारी चौधरीले रकमान्तर तथा बजेट संशोधनका लागि पेश गर्ने ।

५. कार्यपालिकाबाट चालु आ.व. २०८१/०८२ मा हालसम्म भएका निर्णयहरूको समर्थन सम्बन्धमा सभाध्यक्षले प्रस्तावको रूपमा पेश गर्ने ।

६. सेवा करारमा कार्यरत १०७ जना कर्मचारीहरूको २०८१ माघ १ गतेदेखि २०८२ आषाढ मसान्तसम्म म्याद थप गर्ने सम्बन्धमा सभाध्यक्षले प्रस्तावको रूपमा पेश गर्ने ।

७. नदिजन्य पदार्थको उत्खनन् तथा डम्पिङको लागि ठेक्का व्यवस्थापन सम्बन्धमा सभाध्यक्षले प्रस्तावको रूपमा पेश गर्ने ।

४. यस गढवा गाउँपालिकाको चालु आ.व. २०८१/०८२ मा नदिजन्य पदार्थको उत्खनन् तथा विक्रिका लागि प्रारम्भिक वातावरणिय प्रभाव परिक्षण गाउँकार्यपालिकाबाट स्वीकृत भई जिल्ला समन्वय समितिबाट राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिमा सिफारिस समेत भईसकेको तर उक्त कार्यालयबाट हालसम्म स्वीकृति नआईसकेको, नदि तथा खोलाहरूबाट अबैध रूपमा चोरी निकासी बढीरहेको, विकास निर्माणका कार्यहरू नदिजन्य पदार्थको अभावमा प्रभावित भईरहेको र सामान्य नागरिकले घरनिर्माण तथा अन्य घरेलु प्रयोजनका लागि समेत नदिजन्य पदार्थ उपलब्ध नभएको भनि व्यापक गुनासो गरिरहेको सन्दर्भमा वडा नम्बर १ देखि ७ सम्मका प्रत्येक वडा कार्यालयबाट

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

लुम्बिनी प्रदेश सरकारको नदिजन्य पदार्थको प्रचलित राजश्वको दरमा वडा कार्यालयबाट नगदी रसिद लिई सोही बमोजिम आई.ई.ई गरेका घाटहरूबाट नदिजन्य पदार्थ उपलब्ध गराउने र नदिजन्य पदार्थको अवैध चोरी निकासी रोकि अनियमितता हुन नदिन खोलामा नगर प्रहरी र प्रत्येक वडाबाट देहाय बमोजिम हुनेगरि हेरालु खटाउने सर्वसम्मत्तिले निर्णय गरियो । जसमा :

१. नगर प्रहरीलाई खाना तथा खाजा खर्च : दैनिक प्रतिव्यक्ति रू २०० का दरले खटिएका नगर प्रहरीलाई ड्युटीका आधारमा

२. वडा कार्यालयबाट खटाईएका हेरालु : प्रतिवडा १ जनाका दरले , प्रतिदिन रू ५०० का दरले

५. गाउँपालिका क्षेत्रभित्रका दुर्गम गाउँबस्तीमा यातायात तथा सहज आवतजावतका लागि स्थानीय पूर्वाधार विकास विभाग, झोलुङ्गे पुल शाखा कार्यालयमा तपसिलका स्थानमा झोलुङ्गे पुलको योजना माग गर्ने निर्णय गरियो ।

तपसिल :

१. वडा नम्बर ५ को बाँकी देखि भवानी शिविर जोड्ने बाटोमा

२. वडा नम्बर ३ भैसीकुटीमा

३. वडा नम्बर ६ अत्तरबेदुवा र सिमलखुटी जोड्ने बाटोमा

४. वडा नम्बर ६ को खबरीमा

६. कर्मा हेल्थ नामक संस्थासँग लागत साझेदारीमा मोबाईल हस्पिटल संचालन गर्नका लागि प्रचलित कानून बमोजिम प्रक्रिया पुरा गरी सम्झौताको लागि निवेदन पेश गरेकोमा उक्त संस्थासँग सम्झौता गर्ने साथै मोबाईल हस्पिटल संचालनका लागि आवश्यक पर्ने सवारी साधन (बस) स्वास्थ्य साझेदारी कार्यक्रम संचालन शीर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

७. गढवा गाउँकार्यपालिका अर्न्तगतका ६ वटा विषयगत समितिहरूमध्ये २ वटा विषयगत समितिहरू पुर्नगठन गरि तपसिल बमोजिम गर्ने निर्णय गरियो ।

१. <u>सामाजिक विकास समिति</u>

| | |
|---|---|
| लेख बहादुर थापा | संयोजक |
| बाबुराम अधिकारी | सदस्य |
| रमा भण्डारी | सदस्य |

कृष्ण प्रसाद पोख्याल
प्रमुख प्रशासकीय अधिकृत

यम नारायण शर्मा पोखेल
अध्यक्ष

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

CamScanner

२. विधायन समिति

| | |
|---|---|
| अब्दुल खालिक सिद्धिकी | संयोजक |
| भक्तु चौधरी | सदस्य |
| बाबुराम अधिकारी | सदस्य |

८. यस गढवा गाउँपालिका अन्तर्गतका सामुदायिक वन अनुगमन तथा नियमनका लागि तपसिल बमोजिमको सामुदायिक वन अनुगमन तथा नियमन समिति गठन गर्ने निर्णय गरियो

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. सबै वडाका वडा अध्यक्षहरू | सदस्य |
| ३. वन वातावरण तथा फोहोरमैला व्यवस्थापन शाखा | सदस्य सचिव |

साथै यस समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानूनको अधिन रहि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. विभिन्न शीर्षकमा माग भएका आर्थिक सहयोग सम्बन्धमा छिटो, छरितो र जनउत्तरदायी सहायताका लागि मागको औचित्य, आवश्यक्ता र व्यवहारिकता हेरेर रू १०,००० (अक्षेरेपी दश हजार) सम्मको सहयोग गढवा गाउँपालिकाको आर्थिक सहायता कार्यविधि २०७८ बमोजिम हुनेगरि गाउँपालिका अध्यक्षलाई अख्तियारी दिने साथै हालका लागि तपसिल बमोजिम आर्थिक सहयोग गर्ने सर्व सम्मतिले निर्णय गरियो ।

तपसिल :

१. थारू कल्यानकारिणी सभा रू १५,०००।- (शीर्षक : कार्यक्रम खर्च, झाँकी ऱ्याली, दिवस तथा अन्य भैपरि कार्यक्रमका लागि)

२. खुम बहादुर खड्का समाज विका समिति रू २०,०००।- (शीर्षक : युवा तथा खेलकुद कार्यक्र )

३. यादव समाज सेवा संघ रू १५,०००।- (शीर्षक : मधेशी संस्कृति जगेर्ना)

४. हिन्दु स्वयमसेवक संघ नेपाल रू २५,०००।- (शीर्षक : कार्यक्रम खर्च, झाँकी ऱ्याली, दिवस तथा अन्य भैपरि कार्यक्रमका लागि)

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

१०. यस बैठकमा पेश भएको सौर्य उर्जाको प्लान्ट राख्नका लागि सहमति सम्बन्धमा निज निवेदकले पेश गरेका कागजातका आधारमा गाउँपालिकाको पूर्वाधार विकास शाखाको राय बमोजिम सिफारिस गर्ने निर्णय गरियो ।

११. तपसिल बमोजिमका कार्यविधि निर्माणका लागि सैद्धान्तिक सहमति दिई कानून मस्यौदा निर्माण समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

१. स्वास्थ्य विमा सम्बन्धी कार्यविधि
२. स्काई साईकिलिङ संचालन तथा व्यवस्थापन कार्यविधि
३. स्थानीय सामुदायिक वन व्यवस्थापन कार्यविधि
४. सडक वत्ती तथा फोहोरमैला व्यवस्थापन कार्यविधि
५. सामाजिक सुरक्षा कोष संचालन सम्बन्धी कार्यविधि

१२. गत आ.व. २०८०/०८१ को संस्थागत क्षमता स्व-मुल्याङ्कन गरि ९६.५ अङ्क प्राप्त भएकोले उक्त नतिजा पृष्टपोषणका लागि जिल्ला समन्वय समितिमा पेश गरेकामा त्यहाँबाट पृष्टपोषण समेत भईसकेकोले पृष्टपोषणमा औल्याईएका विषयबस्तुमा पुनराबलोकन गरि अन्तिम नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

१३. थारू जातीको नयाँ वर्ष एवं अन्य विभिन्न जातजाती तथा हिन्दु धर्मावलम्बीहरूको विशेष चाडको रूपमा रहेको माघी पर्वको उपलक्षमा मिति २०८१ साल पौष महिनाको २९ गतेका दिन गढवा गाउँपालिकाभर स्थानीय विदा दिने सर्वसम्मत्तिले निर्णय गरियो ।

१४. लुम्बिनी प्रदेश सरकारद्धारा विनियोजित गोबरडिहा बस्ती विकास कार्यक्रम अर्न्तगत बाटो विस्तार योजना कार्यान्वयनका क्रममा बाटोको क्षेत्रभित्र पर्ने जग्गा साविक गोबरडिहा ८ नम्बर ऐलानी सार्वजनिक जग्गा रहेको र उक्त जग्गामा रहेको सिमलको रूख कटानका लागि आवश्यक सहजिकरण गरिदिन ३ नम्बर वडा कार्यालयका सिफारिस भई आएकोले उक्त रूख कटानको लागि वन कार्यालयसँग प्रकृया पुरा गरि कटान गर्ने निर्णय गरियो ।

१५. स्थानीय तहको साझेदारीमा सर्वोदय प्राविको विद्यालय भवन निर्माण गर्नका लागि आवश्यक पर्ने डिपिआर निर्माण गर्ने निर्णय गरियो ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

यम नारायण शर्मा पोखेल
अध्यक्ष

CamScanner

१६. गढवा गाउँपालिका वडा नम्बर ८ कोईलाबासमा अवस्थित साविक कोईलाबास गाविसको पुरानो जीर्ण भवनलाई प्रचलित नियमानुसार भाडामा लगाउनका लागि पूर्वाधार शाखालाई स्थलगत अवलोकन गरि राय पेश गर्न जिम्मेवारी दिने र प्राविधिक राय बमोजिम भाडामा दिन उचित ठहरेमा नियमित रूपमा मासिक भाडा असुलिका लागि ८ नम्बर वडा कार्यालयलाई जिम्मेवारी दिने र उक्त भवनको न्युनतम भाडा मासिक रू ४००० तोक्ने निर्णय गरियो ।

१७. २० औ विश्व पेनकेक सिलात मार्शल आर्ट च्याम्पियनसिपमा नेपालको प्रतिनिधित्व गर्दै दुबई जाने गढवा गाउँपालिका वडा नम्बर ३ निवासी खेलाडी श्री राजेश रावत क्षेत्रीले उक्त कार्यक्रममा नेपालको प्रतिनिधित्व गरि कास्य पदक समेत हासिल गरेकोले निजको आते जाते र खाना तथा खाजा खर्च वापत युवा तथा खेलकुद कार्यक्रमबाट नगद रू १,००,०००।- (अक्षेरेपी रू एक लाख) निज राजेश रावत क्षेत्रीको नाममा आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

